श्री

नवलपरासी जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री खेमराज भट्ट

थुनछेक आदेश

मुद्दा नं.०८३-C१-००५०

शोभित कुमार हलुवाईको जाहेरीले नेपाल सरकार..........................................१ वादी

विरुद्ध

उमेशचन्द्र यादव..........................................................................१ प्रतिवादी

मुद्दाः-लिखत सम्बन्धी कसूर(सरकारी लेटरप्याड, छाप तथा दस्तखत कीर्ते)

यसमा अभियोग पत्रसाथ पेशहुन आएका प्रतिवादी उमेशचन्द्र यादवको बयान लिने कार्य सम्पन्न भई थुनछेक प्रयोजनार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा बादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वानजिल्ला न्यायाधिवक्ता श्रीवासुदेव शर्माले प्रतिवादीलाई तत्काल प्राप्त प्रमाणको आधारमा धरौटीमा राखी मुद्दा पुर्पक्ष गर्ने आदेश गरी पाउँ भनी, जाहेरवालाको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री नसरूल्लाह अन्सारीले जाहेरवालाको तर्फबाट गर्नु भएको बहस र प्रतिवादीको तर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ताद्वय श्री थीरलाल पराजुली र धन जैसी शर्मा तथा विद्वान अधिवक्ताहरू श्री मुरारी भण्डारी, प्रकाश न्यौपाने, श्रद्धासुमन आचार्य र सन्दीप कुमार यादवले यी प्रतिवादीका उपरको अभियोग दावी पुष्टि हुने अवस्था नभएकोले निजलाई साधारण तारेखमा राखी मुद्दा पुर्पक्ष गर्ने आदेश गरी पाउँ भनी गर्नुभएको वहस सुनी मिसिल अध्ययन गरी हेरियो।

प्रतिवादीउमेश चन्द्र यादव उपरसाविक मुलुकी ऐन कीर्ते कागजको महलको १ नं. विपरित १२ नं. बमोजिमको तथा हालको मुलुकी अपराध संहिता,२०७४ को दफा २७६ बमोजिमको कसूरमामुलुकी ऐन कीर्ते कागजको महलको १२ नं. बमोजिम सजाय हुन समेतको मागदावी लिईअभियोगपत्र दायर हुन आएको देखिन्छ।

मिति २०१६।०८।१९ गते तदनुसार ४ डिसेम्बर सन् १९५९ मा नेपाल भारत बीचमा भारतीय गण्डक नहरको सम्झौता भई सन्धी ऐन, २०४७ को दफा ९ बमोजिम उक्त सन्धीले कानून बमोजिमको मान्यता प्राप्त गरी भारतीय गण्डक नहर परियोजनार्थ नेपाल सरकारले अधिग्रहण गरेको जमिन भारत सरकारबाट मुआब्जा लिने गरी हस्तान्तरण गरेको हुँदा भारत सरकारको नाममा रहेको र सो को नियमन, अनुगमन समेतका कार्यको जिम्मेवारी सम्पर्क तथा भू-आर्जन कार्यालय गण्डक योजना बाल्मिकीनगरलाई प्राप्त भएकोमा मिति २०८२।१२।२१ गते हुने संसदीय निर्वाचनको क्रममा विपक्षी उमेशचन्द्र यादवले मिति २०८२।११।१७ गते गुठी सूर्यपुरा बजारमा चुनाव प्रचार प्रसारको क्रममा

भाषण गरी रहँदा मसँग सम्पर्क तथा भू-आर्जन कार्यालयको सम्झौता छ भनी फोटोकपी गराई ल्याई थुप्रै पानाहरु भिडमा फाल्नु भएकोले सोको प्रतिलिपी मसँग प्राप्त हुन आएकोले कार्यालयमा खोज्दा मिति २०७१।०९।२९ मा चलानी नं. ६५ को कुनै प्रकारको सम्झौता पत्र फेला नपरेको र दर्ता चलानी रजिष्टरमा सो मितिमा चलानी नं. पनि नभेटिएको, पश्चिमाञ्चल डिभिजन सिंचाई कार्यालय नम्बर ७ सेमरी नवलपरासीमा समेत खोजतलास गर्दा समेत फेला नपरको र विपक्षीले सो जग्गामा खनेको पोखरीको डिलमा ऋण अनुदान प्राप्त गरी पोखरी खनि सञ्चालन गरी बोर्डसमेत झुण्ड्याएको देखि कृषि विकास बैंक बर्दघाटवाट समन्वय गरी माग गर्दा दिन मिल्दैन भनि जवाफ प्राप्त भएकोले बिपक्षी उमेश चन्द्र यादवलाई पटक-पटक आफूसँग रहेको सबूत प्रमाण सहित उपस्थित हुन भनि पत्राचार गरेकोमा निज उपस्थित नभई सम्पर्क तथा भु- आर्जन कार्यालय गण्डक योजनाको मिति २०७१।०९।२९ चलानी नं. ६५ को पत्र कीर्ते गरी सम्झौता पत्र तयार गरी सोही आधारमा सरकारी जग्गाको दुरुपयोग गरी माछा पोखरी निर्माण गरी ऋण लिएको हुँदा निजलाई कीर्ते सम्बन्धी कसूरमा कारवाही गरी पाउँभन्ने समेतबेहोराकोशोभित कुमार हलुवाईकोजाहेरी दरखास्त रहेको देखिन्छ।

प्रतापपुर गाउँपालिका वडा नं. ७ झुलनीपुल स्थित यी प्रतिवादी उमेश चन्द्र यादवको घरको रप्रतापपुर गाउँपालिका वडा नं.९ बेलाटारी स्थित घरको सम्पूर्ण कोठाहरु खोली तलासी लिंदा लिखत सम्बन्धी कसूरसँग प्रमाण लाग्ने कुनै चिजबस्तु/कागजात फेला नपरेको भन्ने समेत बेहोराको खानतलासी मुचुल्का रहेको देखिन्छ।

प्रतिवादी उमेशचन्द्र यादवले अनुसन्धानको क्रममा वयान गर्दा, प्रतापपुर गाउँपालिका वडा नं. ७ मेरो नामको कि.नं. ४६४ को १० कट्ठा १० धुर र सोही जग्गासँग सटिएको कि.नं.६३१ भएको १ विगाहा १० कट्ठा जग्गा र सोही जग्गादेखि दक्षिण तर्फ सटिएको कि.नं. ६३२ को २ बिगाहा १० कट्ठा र सो जग्गासँग सटिएको ७ कट्ठा १ धुरका तीन कित्ता गरी १ विगाहा ३ धुर जग्गा दिपेश के.सी.(आचार्य) को रहेको हुँदा निजसँग मिति २०७६ चैत्र महिनाको १८ गतेमा १० वर्षको लागि सम्झौता गरी लिजमा लिई सो मध्येकेही जग्गामा मैले उखु खेती गर्दै आएको छु। मेरो नाउँमा रहेको कि.नं. ४६४ र कि.नं. ६३१ तथा दिपेश के.सी.(आचार्य) को नाउँमा रहेको कि.नं. ६३२ मा ६ वटा पोखरी बनाई माछा पालन गर्दै आएको थिएँ। मैले उक्त माछा पोखरी बनाई सकेपछि प्रोपाइटर म भई उत्कर्ष एकिकृत कृषि फर्मको नाउँमा सहुलियत कृषि कर्जा अन्तर्गत मिति २०७७।०७।२० मा कृषि विकास बैंक लिमिटेड, शाखा कार्यालय बर्दघाटबाट मेरो श्रीमती डिम्पल यादवको नाउँमा रहेको प्रतापपुर ७क को कि.नं. ४९७ को ७.७५ धुर जग्गा र सोमा बनेको पक्की घर, मेरो नाउँमा रहेको गुठी सुर्यपुरा स्थित रहेको कि.नं. ५३८, ३९७, ६३१ र ४६४ को जम्मा २ विगाहा १० कट्ठा ७.७५ धुर जग्गा धितो रोक्का राखि दिपेश के.सी.(आचार्य) बाट लिजमा लिएको कि.नं. ६४६, ६४५, ६३२, ६४७, ५०४ का जम्मा ५ विगहा १४ कट्ठा जग्गा सपोर्टिङ डकुमेन्टको रुपमा आम्दानीको श्रोत उखु खेती देखाई रु.९९,४०,०००।– ऋण निकालेको थिएँ। सो मध्ये साँवा र व्याज समेत गरी हाल ६० लाख तिर्न बाँकी रहेको छ। मैले बनाएको माछा पोखरी देखि पश्चिम तर्फ भारतीय गण्डक नहर योजना बाल्मिकिनगरको खाली जग्गा रहेको छ। उक्त माछापोखरी सम्बन्धमा विवाद हुन लागेपछि मैले निवेदन

दिई जग्गा नापजोख गर्दा पूर्वबाट नापी गर्दा ३ वटा माछा पोखरीको पुरै भाग लगभग ५ कठ्ठा जति भारतीय गण्डक नहर योजनाको जग्गा पर्न जान्छ। सो योजनाको जग्गाबाट नापजोख गर्दा पूर्व तर्फ ११ कठ्ठा जग्गा अर्काको जग्गामा सर्न जान्छ। जग्गा सर्ने भएकोले मैले गण्डक नहर तर्फ रहेका ३ वटा पोखरीको डिल भत्काई हाल खाली रहेको छ। यसै विषयमा जाहेरवालाले अख्तियार दुरुपयोग अनुसन्धान आयोग बुटवलबाट समेत उजुरी दिएका रहेछन्। उक्त उजुरी हाल तामेलीमा रहेको छ। मैले सम्पर्क तथा भु-आर्जन कार्यालय गण्डक योजना बाल्मिकि नगरसँग कुनै सम्झौता गरेको छैन, कृषि विकास बैंक शाखा कार्यालय बर्दघाटबाट प्रास सम्पर्क तथा भु-आर्जन कार्यालय गण्डक योजना बाल्मिकिनगरको च.नं. ६५ मिति २०७१।०९।२९ गतेको मेरो नाउँमा भएको सम्पर्क तथा भु-आर्जन अधिकृत विश्वबन्धु यादवले दस्तखत गरेको सम्झौता पत्रको बारेमा मलाई केही थाहा छैन। मैलेकुनै लिखत वा सरकारी कागजात कीर्ते गरेको छैन। मेरो घर जलाएको सम्बन्धमा मेरो जाहेरीले जाहेरवाला शोभित कुमार हलुवाई विरूद्ध यसै अदालतमा आपराधिक उपद्रव मुद्दा चलिरहेको छ। त्यसैको प्रतिशोधले यो जाहेरी दिएका हुन्। जाहेरी बेहोरा झुट्टा हो भन्ने समेतको सोही बेहोराको बयान गरेको देखिन्छ। निज प्रतिवादीले यस अदालत समक्ष समेत कसूरमा इन्कार रही मैले उक्त सम्पर्क तथा भु-आर्जन कार्यालय गण्डक योजना बाल्मिकिनगरको च.नं. ६५ मिति २०७१।०९।२९ गतेको पत्र कीर्ते गरेको होइन भन्ने बेहोरको बयान गरेको देखिन्छ।

अनुसन्धानको क्रममा घटना विवरण कागज गर्ने विश्वबन्धु यादवले म बि.स. २०७० देखि २०७२ सालसम्म सम्पर्क तथा भु-आर्जन कार्यालय अधिकृतको रुपमा कार्यरत रहेको थिएँ। जाहेरी दरखास्त साथ पेश गरेको च.नं. ६५ मिति २०७१।०९।२९ गते उल्लेख भएको सम्झौता सम्बन्धमा उमेश चन्द्र यादवलाई माछापोखरी निर्माण गर्न सम्झौता पत्र प्रदान गरिएको भन्ने व्यहोराको विश्वबन्धु यादवले हस्ताक्षर गरी सम्पर्क तथा भु-आर्जन कार्यालयको छाप समेत रहेको पत्रमा रहेको हस्ताक्षर मेरो होईन। मैले कुनै किसिमको सरकारी जग्गा उपयोगको लागि व्यक्तिलाई दिने सम्झौता पत्र तयार तथा हस्ताक्षर गरेको थिइन। उक्त पत्र हेर्दा त्यहाँ कार्यालयको लेटरप्याड पनि छैन र सरकारी जग्गा व्यक्तिलाई उपभोगको लागि दिने अधिकार भु-आर्जन अधिकृतसँग हुँदैन। उक्त पत्र सरकारी छाप र दस्तखत कीर्ते गरी तयार गरेको हुनुपर्छ भन्ने बेहोराको कागज गरेको पाइन्छ। । मनोज भट्टराईले म २०८१ पौषदेखि फाल्गुन महिनासम्म जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, नवलपरासी (ब.सु.प.) को बरिष्ठ ईन्जिनियरको रुपमा र त्यसपछि मिति २०८१।१२।०४ देखि हालसम्म सोही कार्यालयको कार्यालय प्रमुखको रुपमा कार्यरत रहेको छु। च.न. ६५ मिति २०७१।०९।२९ को सम्झौता पत्र, तत्कालिन पश्चिमाञ्चल डिभिजन सिंचाई कार्यालय नं. ७, सेमरी नवलपरासीको दर्ता अभिलेख किताब हाल जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, नवलपरासी (ब.सु.प.) मा उपलब्ध नभएको तथा सो सम्बन्धी पत्र समेत उपलब्ध भएको छैन। उक्त सम्झौता पत्र कीर्ते गरी बनाएको भन्ने हाल मात्र थाहा पाएको हुँ भन्ने बेहोराको कागज गरेको देखिन्छ। बुझिएका हिरालाल गुप्ता (तेली) र भोज बहादुर अहिरले प्रतिवादीले नेपाल सरकार उर्जा जलश्रोत तथा सिंचाई मन्त्रालय अन्तर्गत रहेको सम्पर्क तथा भु-आर्जन कार्यालय गण्डक योजना बाल्मिकिनगरको लेटरप्याड, छाप र सम्पर्क तथा भु-आर्जन

४

अधिकृत विश्वबन्धु यादवको दस्तखत कीर्ते गरी गाण्डक नहरको जग्गामा पोखारी बनाउने भनि आफ्नो नाउँमा सम्झौता पत्र तयार गरेको र सोही सम्झौता पत्रसमेत कृषि विकास बैंक बर्दघाट शाखामा पेश गरी ऋण समेत निकाली व्यवसाय सञ्चालन गर्दै आएकोभनी थाहा हुन पाएका हौं भन्ने बेहोराको कागज गरेको पाइन्छ।

अब थुनछेक तर्फ विचार गर्दा, यी प्रतिवादीले मौकामा र यस अदालतमा बयान गर्दा मैले कुनै लिखत वा सरकारी कागजात कीर्ते गरेको छैन भनी कसूरमा इन्कार रही बयान गरेको देखिए तापनि यी प्रतिवादी उपरको जाहेरी दरखास्त, विश्वबन्धु यादवसमेतले गरेको घटना विवरण कागज, कृषि विकास बैंकबाट प्राप्त पत्रसमेतका मिसिल संलग्न कागज प्रमाणहरूबाट यी प्रतिवादी अहिले नै कसूरदार होइनन् भनी भन्न सकिने अवस्था नदेखिएको र थुनामा राखी मुद्दा पुर्पक्ष गर्नुपर्ने सम्मको अवस्था समेत नदेखिंदा पछि थप प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुँदा हाललाई यी प्रतिवादी उमेशचन्द्र यादवबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम रू.१,००,०००।- (एक लाख रूपैयाँ) नगद, जेथा जमानत वा शर्त विनाको बैंक ग्यारेण्टी दिए धरौट लिई मुद्दाको पुर्पक्ष गर्न दिनु। उक्त धरौट दिननसके मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४को दफा ८० बमोजिमको थुनुवा पुर्जी दिई नियमानुसार सिधा खान पाउने गरी कारागार कार्यालय नवलपरासीमा थुनामा राख्न पठाउनु।

साथै प्रतिवादी चुक्ता भईसकेको देखिंदा वादी नेपाल सरकारका साक्षी जिल्ला सरकारी वकिल कार्यालय नवलपरासीमार्फत उपस्थित गराउनू भनी सम्बन्धित प्रहरी कार्यालयमा लेखी पठाई तथा प्रतिवादीको साक्षी निजैमार्फत उपस्थित गराउन लगाई उपस्थित भए साक्षीको बकपत्रका लागि पेश गर्नू भनी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७९ बमोजिम यो आदेश पर्चा खडा गरिदिएँ।

२०८३।०५।११।५

जिल्ला न्यायाधीश

आदेश सुनी सहीछाप गर्ने :-

प्रतिवादी उमेशचन्द्र यादव.......१

इति सम्वत् २०८३ साल भाद्र महिना ११ गते रोज ५ मा शुभम्-------------------------------